# कानेपोखरी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

बयरबन, मोरङ

१नं. प्रदेश, नेपाल

फोन नं. ०२१-५८५१५५


पत्र संख्या :

नोट: २०७४/०९/१९ गतेको राजधानी दैनिकमा प्रकाशित /

## सेवा करारमा पदपूर्ति सम्बन्धी सूचना !

*प्रथम पटक प्रकाशित मिति:- २०७४/०९/१९*

यस कानेपोखरी गाउँपालिकाको कार्यालयमा रिक्त रहेको देहाय वमोजिमको पदमा २०७५ साल असार मसान्तसम्म करार सेवामा नियुक्ति गर्नु पर्ने भएकोले देहाय वमोजिमको योग्यता पुगेको नेपाली नागरिकहरुबाट कानेपोखरी गाउँपालिकाद्वारा स्वीकृत दरखास्त फाराम भरी यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र रितपूर्वकको दरखास्त फारम पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ /

| विज्ञापन नम्बर | पद/श्रेणी | सेवा/समूह | पद संख्या | न्युनतम शैक्षिक योग्यता | दरखास्त शुल्क रु. | कैफियत |
|---|---|---|---|---|---|---|
| ०२/०७४/७५ | ईन्जिनियर/अधिकृतस्तर छैठौं | ईन्जिनियरिङ/सिभिल/जनरल /वि.आर. | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल ईन्जिनियरिङ वा बिल्डिङ एण्ड आर्किटेक्चर विषयमा स्नातक वा सो सरह उत्तीर्ण / | १००० | |
| ०३/०७४/७५ | अमिन/सहायक चौंथो | ईन्जिनियरिङ/सर्भे | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट गणित विषय लिई एस.एल.सी. वा सो सरह उत्तीर्ण गरी सर्भे वा जियोमेटिक्स विषयमा कम्तिमा १ वर्ष तालिम प्राप्त गरेको / | ६०० | |
| ०४/०७४/७५ | अनमी/चौंथो | स्वास्थ्य/प.हे.न. | २ | नेपाल स्वास्थ्य सेवा ऐन २०५३ तथा नियमावली २०५५ अनुसारको तोकिएको न्युनतम शैक्षिक योग्यता | ६०० | |
| ०५/०७४/७५ | कार्यालय सहयोगी/श्रेणीविहिन | प्रशासन | ५ | न्युनतम शैक्षिक योग्यता कक्षा ८ पास गरेको / | ३०० | |
| ०६/०७४/७५ | पाले/श्रेणीविहिन | प्रशासन | १ | न्युनतम शैक्षिक योग्यता कक्षा ८ पास गरेको / | ३०० | |

१. **दरखास्त दिने स्थान:** कानेपोखरी गाउँपालिकाको कार्यालय, बयरवन मोरङ /

२. **परीक्षाको किसिम:** प्राप्त दरखास्त मध्येबाट शैक्षिक योग्यता, कार्यअनुभव र स्थायी ठेगानाको आधारमा मुल्यांकन गरी सुचिकृत गरिनेछ र सुचिकृत उम्मेदवार मध्येबाट अन्तर्वार्ताको मध्यमद्वारा छनौट गरिनेछ /

३. दरखास्त दिने अन्तिम दिन सार्वजनिक बिदा परेमा सो को भोलिपल्टसम्म दरखास्त बुझाउन सकिनेछ /

४. **सम्पर्क मिति:** अन्तिम मितिको भोलिपल्ट र सो दिन सार्वजनिक बिदा परमा त्यसपछि कार्यालय खुल्ने पहिलो दिन/

५. परिषदमा दर्ता हुनु पर्ने पदको हकमा सम्बन्धित परिषदमा नाम दर्ता भएको हुनु पर्नेछ /

६. **काम गर्नु पर्ने स्थान:** कानेपोखरी गाउँपालिका क्षेत्र भित्र /

७. दरखास्त फारामको साथ पेश गर्नु पर्ने कागजातहरु: नेपाली नागरिकताको प्रमाणपत्र, शैक्षिक योग्यताको प्रमाणपत्र र चारित्रिक प्रमाणपत्र, अनुभवको प्रमाणपत्र, परिषदमा दर्ताको प्रमाणित प्रतिलिपिहरु / पेश गरिएका सबै प्रलिपिहरुको पछाडी उम्मेदवार स्वयंले हस्ताक्षर गरी प्रमाणित गर्नु पर्नेछ /

८. उमेरको हद: दरखास्त दिने अन्तिम मितिसम्ममा सहायकस्तरको हकमा १८ बर्ष उमेर पुरा भई ३५ वर्ष ननाघेको र अधिकृतस्तरको हकमा २१ वर्ष उमेर पुरा भई ३५ वर्ष ननाघेको र महिलाको हकमा ४० वर्ष ननाघेको हुनु पर्नेछ र पाले पदमा उमेरको हकमा १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको हुनु पर्नेछ /

९. विदेशी बोर्डबाट उत्तीर्ण भई शैक्षिक योग्यता प्राप्त गरेको उम्मेदवारले समकक्षता निर्धारण गरेको प्रमाणपत्र पेश गर्नु पर्नेछ /

१०. दरखास्त दस्तुर वापतको रकम यस कानेपोखरी गाउँपालिकाको कार्यालयमा बुझाई सो को सक्कल रसिद दरखास्त फाराम साथ पेश गर्नु पर्नेछ /

११. दरखास्त फाराम यस कार्यालयको प्रशासन शाखा र वेबसाईट www.kanepokharimun.gov.np बाट समेत प्राप्त गर्न सकिनेछ / थप जानकारीको लागि कानेपोखरी गाउँपालिकाको कार्यालय मोरङमा तथा टेलिफोन नं. ०२१-५८५१५५ मा सम्पर्क राख्न सकिनेछ /

१२. विज्ञापन गरिएको पदको परीक्षा पाठ्यक्रम लोकसेवा आयोगले निर्धारण गरे वमोजिम हुनेछ /

१३. **तलब सुविधा:** नेपाल सरकारको तलब स्केल वमोजिम हुनेछ /

१४. **प्राथमिकता:**

(क) इन्जिनियर र अमिनको हकमा: स्थानीय तहमा कार्य अनुभव भएको, कम्प्युटरमा दक्ष, सवारी साधन चलाउन जान्ने र स्थानीयलाई विशेष प्राथमिकता दिईनेछ / अमिनको हकमा माथिल्लो तहको शैक्षिक योग्यता भएका सर्वेक्षकलाई विशेष प्राथमिकता दिईने छ /

(ख) अनमीको हकमा: SBA तालिम प्राप्त सम्बन्धित विषयमा कार्य अनुभव भएको, स्टाफ नर्स उत्तीर्ण र स्थानीयलाई विशेष प्राथमिकता दिईनेछ /

(ग) कार्यालय सहयोगीको हकमा: स्थानीय तहमा सम्बन्धित काममा अनुभव भएका, सवारी साधन र कम्प्युटर चलाउन जान्ने, ८ कक्षा भन्दा माथिल्लो योग्यता भएको र स्थानीयलाई विशेष प्राथमिकता दिईनेछ /

(घ) पालेको हकमा: यस पदको लागि प्रहरी वा सेनाबाट अवकास प्राप्त गरेका स्थानीयलाई विशेष प्राथमिकता दिईनेछ /

१५. सम्झौता र कार्य सुरु गर्नु पर्ने मिति: छनौट भएको उम्मेदवार र कानेपोखरी गाउँपालिका बीच करार सेवा कार्य गर्न छनौट भएको मितिबाट ७ दिन भित्र सम्झौता गर्नु पर्नेछ र कार्य आराम्भ गर्नु पर्नेछ / यदि सो मिति भित्र सम्झौता गर्न नआएमा योग्यता क्रममा रहेका अन्य उम्मेदवारसंग सम्झौता गरिनेछ /

नारायण न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत